# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल


## प्रेस विज्ञप्ती

यस गाउँपालिका गाउँपालिका स्तरीय १५ शैया अस्पताल निर्माणका लागि विगत समय देखिनै निरन्तर लागि परेको व्यहोरा सरोकारवाला सवैमा जानकारी नै रहेको छ । गाउँपालिकाको अनुरोधमा नै नेपाल सरकारबाट अस्पताल निर्माणका लागि आवश्यक बजेटको व्यवस्था समेत भएको छ । उक्त अस्पताल निर्माण गर्न आवश्यक जग्गा प्राप्तीका लागि गाउँपालिकाले सूचना आह्वान गर्दा समेत प्राविधिक दृष्टिकोणले उपयुक्त जग्गा प्राप्त नभएको हुदाँ गाउँपालिका स्तरीय कार्यदल गठन गरि जग्गाको खोजि भएको र कार्यदलबाट प्राप्त जग्गाको छनौट गर्न सरकारी कार्यालयहरुले निशुल्क जग्गा प्राप्त गर्नका लागि प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा रहेको समितिसंग समन्वय गरी उपयुक्त देखिएको जग्गा प्राप्त गरि अस्पताल निर्माण प्रकृयामा अगाडि बढ्दै गरेको कुरा सवैमा जानकारी गराउन चाहान्छौं ।

१८ असार २०७८ मा यस गाउँपालिका भित्र रहेका राजनीतिक दल, समाजसेवी, वुद्धिजिवी, व्यापारीहरुले यस गाउँपालिका वडा नं. ४ बाउबाङ स्थित चेतमान पुन, दोर्ण बहादुर पुन, राकेश घर्ती, कुमारी पुन, लिल बहादुर पुन, चन्द्रु घर्तीमगरको जग्गा १५ शैया अस्पताल निर्माणका लागि उपलब्ध गराउन भनी यस गाउँपालिकामा ज्ञापन पत्र बुझाएकोमा उक्त ज्ञापन पत्रलाई गाउँपालिकाले स्वागत गर्दछ । अस्पताल निर्माणका लागि मापदण्ड अनुसार आवश्यक पर्ने जग्गा यस गाउँपालिकालाई प्रकृयागत रुपमा जग्गा पास गराइ उपलब्ध गराउन समेत अनुरोध गरेको कुरा सवैमा जानकारी गराउन चाहान्छौं ।

गाउँपालिकाले स्वागत गरेको कुरालाई समेत अबज्ञा गर्दै केहि समुहले गाउँपालिकालाई ज्ञापन पत्र बुझाएको २ दिनपछि जिल्ला प्रशासन कार्यालय रोल्पामा बुझाएको ज्ञापन पत्र प्रति गाउँपालिकाको ध्यानाकर्षण भएको छ । गाउँपालिकालाई प्रकृयागत रुपमा जग्गा उपलब्ध गराउन तर्फ लाग्नु भन्दा पनि हतारमा सस्तो लोकप्रियताका लागि ज्ञापन पत्र बुझाउदै हिड्ने प्रवृतिप्रति गाउँपालिकाको ध्यानाकर्षण भएको छ । उधारो ज्ञापन पत्र बुझाउदै हिड्नु भन्दा मापदण्ड अनुसार १५ शैयाको अस्पताल निर्माणका लागि आवश्यक जग्गा तत्काल यस गाउँपालिकालाई प्रकृयागत रुपमा उपलब्ध गराउन समेत सरोकारवालाहरुलाई अनुरोध गर्दछौं । साथै प्रस्ताव गरिएको उक्त जग्गा प्राविधिक दृष्टिकोणले परीक्षण गरि उपयुक्त देखिएको खण्डमामा कानूनी प्रकृया पुर्‍याई जग्गा प्राप्त गर्ने प्रकृया सुरु गर्ने र जग्गा गाउँपालिकाको नाममा प्राप्त भएपछि अस्पताल निर्माण कार्य तत्काल थालनी गर्ने सवैमा जानकारी गराउदछौं ।

२१ असार २०७८

.....................

(गुणेन्द्र घर्ती)

अध्यक्ष